लुम्बिनी प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# "खेलकुद पूर्वाधार आयोजना व्यवस्थापन सम्बन्धी कार्यविधि,(पहिलो संशोधन) २०८२"

पहिलो संशोधन मितिः २०८२।०९।२८

## संशोधित कार्यविधि

प्रस्तावनाः खेलकुद पूर्वाधार आयोजना व्यवस्थापन सम्बन्धी कार्यविधि, (पहिलो संशोधन) २०८२

१. संक्षिप्त नाम र प्रारम्भः (१) खेलकुद पूर्वाधार आयोजना व्यवस्थापन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८२ रहेको छ।

(२) यो कार्यविधि सम्बत् २०८२ पौष २८ गतेदेखि प्रारम्भ हुनेछ।

२. संशोधन भएका विषयहरुः-

| दफा/उपदफा/अनुसूची | साविकमा भएको | संशोधित | कै. |
|---|---|---|---|
| दफा २ को उपदफा (च) | "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनुपर्छ । | स्थानीय तह भन्नाले महानगरपालिका ,उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका र जिल्ला समन्वय समितिलाई सम्झनुपर्छ । | |
| दफा ४ को उपदफा (३) | (३) उपदफा (२) बमोजिम मन्त्रालयमा पेस हुन आएका आयोजना प्रस्तावको आवश्यकता अनुसार, संक्षिप्त सूचि (Short List) बाट उपयुक्त ठहरिएका प्रस्तावहरूलाई दफा ४ को उपदफा (२) बमोजिमको समिति समक्ष कागजात सहित पेस गर्नुपर्नेछ । | (३) उपदफा (२) बमोजिम मन्त्रालयमा पेस हुन आएका आयोजना प्रस्तावहरूलाई दफा ५ को उपदफा (२) बमोजिमको समिति समक्ष कागजात सहित पेस गर्नुपर्नेछ । | |
| दफा ४ को उपदफा (४) | (४) दफा ४ को उपदफा २ बमोजिमको प्रस्ताव मूल्यांकन समितीबाट सिफारिस भए बमोजिमको प्रस्ताव छनौट गरि कार्यान्वयनको लागि दफा ६ को उपदफा १ | (४) दफा ५ को उपदफा २ बमोजिमको प्रस्ताव सिफारिस समितीबाट पेश भए बमोजिमको प्रस्ताव साथ प्राप्त कागजात सहित आयोजना छनौट र बजेट विनियोजनका लागि दफा ६ को | |

२०८२।०९।२८

नि.प्रदेश सचिव

मा.सन्तोष कुमार पाण्डेय
मन्त्री

| | | | |
|---|---|---|---|
| | बमोजिमको निर्देशक समिती समक्ष आयोजना छनौटका लागि पेश गर्नुपर्नेछ । | उपदफा १ बमोजिमको आयोजना छनौट समिती समक्ष पेश गर्नुपर्नेछ। | |
| दफा ५ को उपदफा (२) | (२) प्रस्ताव मूल्यांकन समितिः खेलकुद पूर्वाधार निर्माणका लागि प्राप्त कागजात रुजु गरि आयोजना निर्देशक समिति समक्ष सिफारिस गर्न तपसिल बमोजिमको प्रस्ताव मूल्यांकन समिति रहनेछ। | (२) प्रस्ताव सिफारिस समितिः खेलकुद पूर्वाधार निर्माणका लागि प्राप्त कागजात रुजु गरि प्रस्ताव सिफारिस समितिले आयोजना छनौट समिति समक्ष सिफारिस गर्न तपसिल बमोजिमको प्रस्ताव सिफारिस समिति रहनेछ। | |
| अनुसुची २ | (दफा ४ को उपदफा (४) सँग सम्बन्धित) | (दफा ४ को उपदफा (५) सँग सम्बन्धित) | |

२०८२।०३।२८

प्रदेश सचिव

मा.सन्तोष कुमार पाण्डेय
मन्त्री